# भीमेश्वर नगरपालिका

## कार्यपालिकाको १२ औं बैठकका एजेन्डाहरु

मिति : २०८०/०३/०६ गते

को संलग्न वार्षिक नीति तथा कार्यक्रम

निर्णय नं. १ : भीमेश्वर नगरपालिकाको आ.व. २०८०/०८१ को संलग्न वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी २०८० साल असार ७ गते संचालन हुने नगर सभाबाट पारित गर्नका लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : विविध विषयहरु :-

क) भीमेश्वर नगरपालिका वडा नं.३ कृषि उपज बजारस्थित कृषि बजार घरको सटर संख्या १६ (सोह्र) मध्ये उत्तर तर्फको माथिल्लो तलाको ४ कोठा लामाचौर सामुदायिक वन उपभोक्ता समितिको कार्यालय संचालनका लागि छुट्टयाई बाँकी १२ सटरहरु संलग्न प्राविधिक मुल्यांकन बमोजिमको न्यूनतम् मासिक भाडा दर प्रति सटर रु ४,०००/- (चार हजार) दरले भाडामा दिनका लागि कृषि उपज बजारको सार्वजनिक स्थलमा विगतदेखि कृषि उपज व्यापार गरिरहेका सुचिकृत व्यापारीहरुलाई प्राथमिकता दिई बढाबढ प्रक्रियाबाट भाडा लगाउने प्रयोजनका लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख) भीमेश्वर नगरपालिका वडा नं.३ स्थित्त सातदोबाटो सपिंग कम्प्लेक्समा नगरपालिकाको प्रयोजनका लागि छुट्टयाईएको २ वटा सटर मध्ये १ सटरमा नगरको सूचना केन्द्र संचालन गर्ने र अर्को १ सटरमा दोलखा जिल्लामा उत्पादित स्थानीय वस्तुहरु मात्र बिक्रीका लागि कोसेली घर संचालन गर्ने गरी दोलखा उद्योग वाणिज्य संघको माग बमोजिम मासिक न्यूनतम् भाडा रु ५,०००/- (पाँच हजार) लिने गरी उक्त संस्थालाई ३ वर्षका लागि सटर भाडामा उपलव्ध गराउने निर्णय गरियो ।

ग) भीमेश्वर नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं. ७२ को एकिकृत पशुस्वास्थ्य शिविर कार्यक्रमका लागि प्रशासनिक खर्च रु २ लाख, सि.नं. ७३ को पशु सम्वन्धी विभिन्न दिवस तथा अभिमूखीकरण कार्यक्रम रु २ लाख र सि.नं. ७६ को भुई तथा डाले घासको विउ विरुवा तथा सेडस वितरण रु १ लाख गरी जम्मा रु ५,००,०००/- (पाँच लाख) बाट हाल महामारीको रुपमा फैलिएर आएको पशुहरुमा लाग्ने लम्पी स्किन रोगको रोकथाम गर्न संक्रमित पशुको उपचारको लागि औषधि खरिद, खोप व्यवस्थापन तथा यस रोग बारे अभिमूखीकरण कार्यक्रम संचालनका लागि रु ५,००,०००/- (पाँच लाख) शिर्षकान्तर/रकमान्तर गर्ने निर्णय गरिएकोमा उक्त निर्णयको अनुमोदन गर्ने र सो को आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय समेत गरियो ।

घ) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित रुपमा संचालन गर्न तपसिल बमोजिमको कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

तपसिल

१. भीमेश्वर रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८०

२. भीमेश्वर नगरपालिकाको रोजगार संवाद मन्च (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

०३/०६

ङ) भीमेश्वर नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम/आयोजनालाई आवश्यकताका आधारमा तपसिल बमोजिमको कार्यक्रम/आयोजनामा शिर्षकान्तर/रकमान्तर गरी सो को आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | विनियोजित बजेट | संशोधित आयोजना | संशोधित बजेट |
|---|---|---|---|---|
| १. | माटो जाँच र वाली उपचार सेवा | ५ लाख | १) माटो जाँच र वाली उपचार सेवा<br>२) बेठी सामाग्री खरिद (फेर प्रथा तथा कृषि प्रवर्द्धन समिति, भीनपा २)<br>३) धान दिवस रोपाई (सोक्ला खेलाप पशुपालन तथा कृषक समुह, भीनपा २) | रु ४ लाख २० हजार<br>रु ४० हजार<br>रु ४० हजार |

च) भीमेश्वर नगरपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत सि.नं. ५४० बाट शिर्षकान्तर/रकमान्तर भएको संशोधित शिर्षक नेपाली गाउँ गोरेटो बाटो मर्मत कार्य प्राविधिक कारणले हुन नसकेकोले वडाको माग र वडा नं. ७ को कार्यालयको सिफारिस बमोजिम उक्त योजनाको शिर्षकान्तर/रकमान्तर गरी पाठशाला कुलो मर्मत योजना कार्यान्वयनका लागि सम्झौता भई सो को कार्य अगाडि बढाइ उक्त योजनाको शीर्षक एवम् बजेट रकम रकमान्तर गर्ने निर्णय गरिएकोमा उक्त निर्णयको अनुमोदन गर्ने र सो को आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय समेत गरियो ।

छ) भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रात्रिकालीन ड्युटी बस्दा नगर प्रहरी र दमकल चालक (फाइट फाइटर) लाई वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले सिफारिस गरेको मितिबाट लागु हुने गरी राती ड्युटीमा खटिएका उक्त जनशक्तिलाई समान रुपमा प्रति रात प्रति व्यक्ति रु ४५०/- (चार सय पचास मात्र) का दरले खाना खर्च वापतको रकम विपद् व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

ज) तामाकोशी मर्यांगखोला बगरमा बालुवा गिट्टी ओसारपसार रोकथामका लागि भीमेश्वर नगरपालिकाबाट खटिएका नगर प्रहरी राजिव बिकलाई उक्त ड्युटीमा खटिएको अवधि २०७९ चैत्र १७ देखि २०८० साल बैशाख १६ गते सम्मको लागि प्रति दिन रु २००/- (दुई सय मात्र) का दरले ३० दिनको खाना खर्च वापतको रकम रु ६,०००/- (छ हजार रुपैया मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

झ) वडा नं. ४ को उत्पीडित महिला मुक्ति समाज, दोलखाले प्रस्ताव गरे बमोजिम स्यानिटरी प्याड निर्माण सम्वन्धी तालिम कार्यक्रम संचालनका लागि भीमेश्वर नगरपालिका अन्तर्गत लघु उद्यम विकास कार्यक्रमबाट रु १,००,०००/- (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

ञ) काभ्रेपलान्चोक जिल्ला साविक धुलिखेल नगरपालिका वडा न. ८ को हाल धुलिखेल न.पा वडा न.५ मा बस्ने हिरा बहादुरको बुहारी कमल बहादुर विश्वकर्माको श्रीमती, माईतीघर दोलखा जिल्ला भीमेश्वर नगरपालिका वडा.न.५ बस्ने आईते विश्वकर्माको नातिनी, जित बहादुरको छोरी बर्ष ७२ की लछुमाया विश्वकर्माको वारेस ऐ.ऐ बस्ने बर्ष ३२ को अनुराग रसाईली निवेदक, दोलखा जिल्ला भीमेश्वर नगरपालिका न्यायिक समिति समेत विपक्षी भएको उच्च अदालत पाटनको परमादेश रिट न. ०७९-WO-१६८८ को निवेदनको १५ दिने म्याद सुचना मिति २०८०/२/२८ गते भीमेश्वर नगरपालिका न्यायिक समितिमा प्राप्त भएको हुँदा सो निवेदनको लिखित जवाफ पेश गर्न, तारेख लिने देखि उच्च अदालतमा हुने सो मुद्दाको कानुनी निरुपणका सबै प्रक्रिया पुरा गर्नका लागि भीमेश्वर नगरपालिका, न्यायिक समितिको तर्फबाट भीमेश्वर नगरपालिका वडा नं. २ बस्ने अधिवक्ता श्री राजेन्द्रनारायण श्रेष्ठलाई वारेस तोकी निजलाई अख्तियारनामा दिने निर्णय गरियो।

ट) यति ओरिजिनल्स, काठमाडौँको आयोजना र भीमेश्वर नगरपालिकाको सहकार्यमा मिति २०८०/०२/१३ गतेदेखि २०८०/०२/ १५गते सम्म कालिन्चोक मन्दिरदेखि तामाकोशी नागदहसम्मको माउन्टेन बाइकिंग प्रतियोगिता संचालनको लागि नगरपालिकाको तर्फबाट सहजीकरण गर्दा विविध कार्यक्रममा भएको खर्च रु १,८८,०८६/- (एक लाख अठासी हजार छयासी रुपैया मात्र) बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

ठ) भीमेश्वर नगरपालिकाको आर्थिक तथा ह्यापी स्माईल हेल्थ फाउन्डेसन, काठमाडौँको प्राविधिक सहयोगमा भीमेश्वर नगरपलिका वडा नं. ८ र ९ का सामुदायिक विद्यालयहरुमा संचालन भएको दन्त शिविर संचालनको क्रममा सहजीकरण गर्दा भएको खर्च रु ५५,५००/- (पचपन्न हजार पाँच सय रुपैया मात्र) भएकोमा बजेट खर्च नभई बचत रहेको शीर्षक मध्येबाट शिर्षकान्तर/रकमान्तर गरी आवश्यक कागजातका आधारमा रकम उपलब्ध गराउने र सो को अनुमोदन नगर सभाबाट गराउने निर्णय गरियो।

ड) वन, वातावरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता बृद्धी गर्नका लागि भीमेश्वर नगरपालिका क्षेत्रभित्र एक व्यवसाय सम्वर्द्धन केन्द्र स्थापना गरी संचालन गर्ने साथै व्यवसाय सम्वर्द्धन केन्द्रको प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि भीमेश्वर नगरपालिकाका प्रवक्ताको संयोजकत्वमा ७ सदस्यीय व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| क) संयोजक | श्री तारानाथ चौलागाईं, प्रवक्ता/वडा अध्यक्ष, वडा नं. ४ |
| ख) सदस्य | अध्यक्ष/प्रतिनिधि, दोलखा उद्योग वाणिज्य संघ |
| ग) सदस्य | अध्यक्ष/प्रतिनिधि, दोलखा चेम्बर अफ कमर्स |
| घ) सदस्य | अध्यक्ष/प्रतिनिधि, घरेलु तथा साना उद्योग महासंघ, दोलखा |
| ङ) सदस्य | अध्यक्ष/प्रतिनिधि, दोलखा महिला उद्यमी संघ |
| च) सदस्य | प्रतिनिधि, गौरीशंकर क्याम्पस, चरिकोट, दोलखा |
| छ) सदस्य सचिव | श्री नारायण प्रसाद सेढाईं, आर्थिक विकास शाखा प्रमुख, भीनपाको कार्यालय |